D:\1- आ.व.२०७९-०८०\७. कार्तिक\मतदानको दिन सवारी आवागमन सम्बन्धि सूचना.doc

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय

☎०९२-४२१०१३ प्रजिअ
☎०९२-४२१०१० सप्रजिअ
☎०९२-४२१३०५ Ext.
०९२-४२१०२५ फ्याक्स
email:daooffice71@gmail.com
website:daobajhang.moha.gov.np
चैनपुर, बझाङ

प.सं. २०७९।०८०
च.नं.

(स्थानीय प्रशासन शाखा)

मिति:-२०७९/०७/३०

## मतदानको दिन सवारी आवागमन सम्बन्धि सूचना

मिति २०७९ साल मंसिर ४ गते आइतबारका दिन सम्पन्न हुने प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचन, २०७९ लाई स्वस्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्ने सन्दर्भमा गृह मन्त्रालय, निर्वाचन सेलको च.नं.७९४ मिति २०७९।०७।२९ को पत्रसाथ प्राप्त निर्वाचन आयोग नेपालको **प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनको दिनको सवारी आवागमन व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७९ मा** देहाय बमोजिमको व्यवस्था रहेको व्यहोरा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको ।

१) <u>मतदानको दिन देहायको सवारी साधन प्रयोग गर्न सवारी अनुमती पत्र लिनु पर्ने छैन:-</u>

क) बिरामी बोकेको एम्बुलेन्स,

ख) खानेपानीको ट्याङ्कर,

ग) दुध बोक्ने सवारी साधन,

घ) दमकल,

ङ) सूचना तथा प्रसारण विभाग वा प्रदेश सञ्चार रजिष्ट्रारको कार्यालय वा प्रदेश सरकार मातहतको सञ्चार प्राधिकरण वा अन्य त्यस्तै प्रकृतिको नियामक निकायबाट जारी गरिएको प्रेस पास वा प्रचलित कानून बमोजिम दर्ता र प्रेस काउन्सिल नेपालमा सूचीकृत भई सञ्चालनमा रहेका सम्बन्धित सञ्चारगृहबाट जारी परिचय पत्र बाहेक सञ्चारकर्मीले प्रयोग गर्ने सवारी साधन,

च) दूरसञ्चार तथा केबल सेवाका लागि प्रयोग हुने सवारी साधन,

छ) शववाहन,

ज) अस्पतालमा कार्यरत परिचय पत्र प्राप्त चिकित्सक, स्वास्थ्यकर्मी तथा कर्मचारीको आवागमनका लागि प्रयोग हुने सवारी साधन,

झ) निर्वाचन आयोगबाट जारी परिचय पत्र वाहक पर्वेक्षक, अवलोकनकर्ता, अनुगमनकर्ताले प्रयोग गर्ने सवारी साधन,

ञ) फोहोरमैला ओसारपसार गर्ने सवारी साधन,

ट) तरकारी, फलफुल तथा विद्युत सेवाका लागि प्रयोग हुने सवारी साधन,

ठ) कुटनीतिक नियोग, UN Agency र द्विपक्षीय तथा बहुपक्षीय विकास साझेदार संस्थाहरुमा कार्यरत पदाधिकारी एवम् कर्मचारीले प्रयोग गर्ने निलो नम्बर प्लेट भएको सवारी साधन,

ड) विदेशी पर्यटक मात्र बोकेको हरियो नम्बर प्लेट भएका सवारी साधन,

ढ) सुरक्षाकर्मीले प्रयोग गर्ने सुरक्षा निकायको सवारी साधन,

ण) आफु खटिएको मतदान केन्द्रसम्म जान र मतदान केन्द्रबाट फर्किनको लागि मतदान कार्यमा खटिने कर्मचारी तथा स्वयंसेवकले प्रयोग गर्ने सवारी साधन ।

**माथि उल्लेखित सवारी साधन मतदातन ओसारपसार गर्ने कामको लागि प्रयोग गर्न पाइने छैन ।**

अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
चैनपुर, बझाङ

☎०९२-४२१०१३ प्रजिअ
☎०९२-४२१०१० सप्रजिअ
☎०९२-४२१३०५ Ext.
०९२-४२१०२५ फ्याक्स
email:daooffice71@gmail.com
website:daobajhang.moha.gov.np

प.सं. २०७९।०८०

२) अपाङ्गता भई आफै हिडडुल गर्न नसक्ने व्यक्तिको लागि बासस्थान देखि मतदान केन्द्रसम्म र मतदान केन्द्र देखि बासस्थानसम्म आवतजावत गर्न अवधी कायम रहेको पूर्ण अशक्त वा अति अशक्त अपाङ्गता परिचय पत्र (क र ख वर्ग) को आधारमा सवारी साधनको प्रयोग गर्न सकिनेछ ।सो को लागि सम्बन्धित वडा कार्यालयको सिफारिशमा निर्वाचन अधिकृतबाट अनुमती पत्र लिनुपर्नेछ ।

३) **सवारी साधन प्रयोग गर्ने अनुमतीपत्रको लागि सिफारिश गर्ने तथा अनुमती दिने अधिकारी र सवारी संख्याः-**

| सि.नं. | सवारी साधन प्रयोगकर्ता | सिफारिश गर्ने निकाय | संख्या | अनुमती पत्र जारी गर्ने निकाय वा अधिकारी |
|---|---|---|---|---|
| १ | उम्मेदवार वा उम्मेदवारको एक जना निर्वाचन प्रतिनिधि | | १) उम्मेदवारका लागि दुई पाङ्ग्रे वा तीन पाङ्ग्रे वा चार पाङ्ग्रे विद्युतीय वा यान्त्रिक शक्तिबाट चल्ने हलुका सवारी साधन एउटा ।<br>२) उम्मेदवारको एकजना निर्वाचन प्रतिनिधिका लागि दुई पाङ्ग्रे वा तीन पाङ्ग्रे वा चार पाङ्ग्रे विद्युतीय वा यान्त्रिक शक्तिबाट चल्ने हलुका सवारी साधन एउटा । | सम्बन्धित मुख्य निर्वाचन अधिकृत |
| २ | नेपाल नागरिक उडडयन प्राधिकरण वा उडानसँग सम्बन्धित वायुसेवा कम्पनीहरु | नागरिक उडडयन प्राधिकरण | आवश्यकतानुसार | सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी |
| ३ | कुटनीतिक नियोग वा संयुक्त राष्ट्र संघका एजेन्सी वा विकास साझेदार संस्थाका नियमित कार्यालय प्रयोजनमा प्रयोग गरिने निलो नम्बर प्लेट बाहेकका सवारी साधन | परराष्ट्र मन्त्रालय | | |
| ४ | निर्वाचन आयोग बाहेकका संवैधानिक निकायहरु | सम्बन्धित संवैधानिक निकाय | आवश्यकतानुसार | सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी |
| ५ | संवैधानिक निकायका प्रादेशिक एवं जिल्लास्थित कार्यालयहरु | सम्बन्धित संवैधानिक निकायका कार्यालय | आवश्यकतानुसार | |
| ६ | निर्वाचन कार्यालय | निर्वाचन अधिकारी | आवश्यकतानुसार | |
| ७ | निर्वाचन आयोगका पदाधिकारी तथा कर्मचारी | आयोगको सम्बन्धित शाखा वा इकाई | आवश्यकतानुसार | प्रशासन शाखा, निर्वाचन आयोग |
| ८ | साझेदार निकायहरु (UNDP/ESP/IFES) | | | |

अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

☎०९२-४२१०१३ प्रजिअ
☎०९२-४२१०१० सप्रजिअ
☎०९२-४२१३०५ Ext.
०९२-४२१०२५ फ्याक्स
email:daooffice71@gmail.com
website:daobajhang.moha.gov.np
चैनपुर, बझाङ

प.सं. २०७९।०८०

४) मापदण्ड बमोजिम जारी गरिएको अनुमती पत्र बमोजिमको सवारी साधन सम्बन्धित व्यक्ति वा पदाधिकारीले मात्र प्रयोग गर्नुपर्दछ ।

**५) मापदण्ड बमोजिम सवारी आवागमन अनुमती पत्र प्राप्त गर्ने व्यक्तिले देहाय बमोजिमका शर्तहरुको पालना गर्नुपर्नेछः-**

क) सवारी अनुमती पत्र सुरक्षाकर्मीहरुले सजिलैसँग देखिने गरी राख्नुपर्ने,

ख) सवारी अनुमती बाहक आधिकारीक व्यक्ति बाहेक अरुलाई राख्न नपाइने,

ग) सवारी साधन मतदाता ओसारपसार गर्ने कार्यमा प्रयोग गर्न नपाइने,

घ) सवारी साधनलाई मतदान केन्द्रभित्र प्रवेश अनुमती नहुने,

**सवारी साधनमा असम्बन्धित व्यक्तिहरु राखेको पाइएमा वा सवारी साधनको दुरुपयोग भएको पाइएमा त्यस्तो सवारी अनुमती पत्र तत्काल खारेज गरिनेछ ।**

**६) माथि उल्लेखित सवारी साधन बाहेक अन्य सवारी साधन मिति २०७९।०८।०३ गते राती १२:०० बजेदेखि मिति २०७९।०८।०४ गते राती १२:०० बजेसम्म प्रयोग गर्न निषेध गरिएको व्यहोरा जानकारी गराइन्छ । साथै मतदानको दिन कसैले मापदण्ड विपरीत सवारी साधन प्रयोग गरेको पाइएमा सुरक्षा निकाय तथा सुरक्षाकर्मीले त्यस्तो सवारी साधन कब्जामा लिई आवश्यक कानूनी कारवाही गर्नेछ ।**

०८२।०८।२

बाबुराम अर्याल
प्रमुख जिल्ला अधिकारी